

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ३४१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ पुस १७ गते बुधबार ❑ 1 Jan. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## 'बिपीको मेलमिलाप नीति अहिले पनि आवश्यक छ'

**पोखरापत्र संवाददाता**
पोखरा, १६ पुस

नेपाली कांग्रेस गण्डकी प्रदेशले ४९ औं राष्ट्रिय एकता र मेलमिलाप दिवसको अवसर पारेर मंगलबार आफ्नै सभाकक्षमा प्रवचन कार्यक्रम सम्पन्न भएको छ।

गण्डकी प्रदेश मातहत रहेका नेपाली कांग्रेस, नेकपा एमाले, राप्रपा, नेपाल कम्युनिष्ट एकीकृत समाजवादी, जनमोर्चा नेपाल, जनता समाजवादी लगायतका पार्टीका नेताहरुको उपस्थितिमा मेलमिलाप नीतिबारे परिचर्चा भएको थियो । गण्डकी प्रदेशमा क्रियाशिल पार्टीका नेताहरुको दृष्टिमा एकता र मेलमिलाप विषयक प्रवचनमा नेपाली काँग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्माको अध्यक्षतामा भएको हो । कार्यक्रममा स्वागत मन्तव्य ब्यक्त गर्दै, उहाँले राष्ट्रियता र प्रजातन्त्रका लागि वीपीले अगाललेको मेलमिलापको नीति अझैपनि समय सार्न्दभिक भएको बताउनुभयो । राष्ट्रियता मात्र हैन उहाँले नेपाली जनताको जीवनस्तर माथि उकास्न गर्नुभएको योगदानको चर्चा गरेरै नसकिने बताउनुभयो ।

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले राष्ट्रियता र प्रजातन्त्र स्थापित गर्नकै लागि उहाँले तत्कालीन राजासँग मेलमिलाप गरेको बताउनुभएको छ। मुख्यमन्त्री पाण्डेले भन्नुभयो, राष्ट्रियता र प्रजातन्त्र कमजोर भएको अवस्थामा वीपीले मेलमिलापको नीति लिनुभएको हो । 'मेलमिलापको नीतिका कारण हामी जनमत संग्रह हुँदै



लोकतान्त्रिक गणतन्त्रसँगसम्म आइपुगेका छौ, मुख्यमन्त्री पाण्डेले भन्नुभयो, द्वन्द्वमा फसेको माओवादीलाई पनि शान्ति प्रक्रिया मार्फत प्रजातान्त्रिक बाटोमा ल्याइएका छौं ।' प्रजातन्त्रको रक्षा र समृद्धिलाई ध्यान दिँदै अहिले पनि दई ठूला दल काँग्रेस र एमालेबीच मेलमिलाप गरेर अगाडि वढेको भनाइ उहाँको छ। राजनजीति स्थिरता हुन सकेन भने नेपाली जनताले दुःख पाउने देखेर नै ठूला दलहरु मिलेर संरकार गठन गरेको बताउँदै उहाँले यो नीति भोलिका दिनमा पनि लागु हुने बताउनुभयो । नेकपा (एमाले) का नेता एवं गण्डकी प्रदेशका पूर्व मुख्यमन्त्री खगराज अधिकारीले प्रथम जननिर्वाचित वीपी कोइरालाले राष्ट्रियता जोगाउन ठूलो जोखिम मोल्नु भएको बताउँदै अहिले पनि उहाँको योगदानलाई भुल्न नसकिने बताउनुभयो । राष्ट्रिय शक्तिलाई बलियो बनाउन आएको संघीयताका बारेमा बिरोध र टीका टिप्पणी गर्नु गलत भएको बताउँदै राजनीतिमा लाग्नु भनेको समाज सेवा भएको बताउनुभयो।

राजनीतिक अस्थिरताका कारण देश अराजकता तर्फ जान लागेकै कारण दुई ठूला दलहरु मिलेर सरकार गठन गरेको उहाँले बताउनुभयो। देशलाई राजनीतिक स्थिरता ठूला दलहरुले मात्र दिन सक्ने बताउँदै उहाँले नयाँ दलहरुले राजनीतिक स्थिरता दिन नसक्ने बताउनुभयो।

नेकपा (एकीकृत समाजवादीं) का केन्द्रीय सचिव श्रीनाथ बराललले वीपीले अगालेको बाटोलाई दलहरुले अगाल्दै जाने हो भने नेपालमा धनी र गरीवबीचको खाडल कम हुँदै जाने बताउनुभयो । त्यति बेलाको समयमा प्रवासमा बसेकै बेला राष्ट्रियता र प्रजातन्त्र प्रति चिन्तित वीपीको मेलमिलाप नीतिबाट नै आज हामी यहाँसम्म आइपुगेको भनाइ उहाँको छ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता एवं पूर्वमन्त्री पञ्चराम गुरुङले मुलुक बचाउन फुटेर मैन मिलेर जानुपर्छ भन्ने नीति लिएकै कारण वीपी राजनीतिमा सफल भएको बताउँदै देशको ठूलो पार्टी नेपाली काग्रेसले प्रजातन्त्र र देशप्रति माया गर्ने दलहरुलाई समेटेर अगाडि वढ्नु पर्ने वताउनुभयो । राष्ट्रिय जनमोर्चाका नेता शंकर बराललले राष्ट्रियता र प्रजातन्त्र रक्षाका लागि वीपी कोइराला दुरदर्शी नेताको रुपमा चिनिर्दै आएको बताउँदै उहाँले लोकतन्त्र नै खतरामा पार्ने गरी ल्याइएको संघीयता खारेज गर्नुपर्नेमा जोड दिनुभयो । नेपाल समाजवादी पार्टीका नेता किरण थापाले राष्ट्रियता भूगोलमा मात्र नभएर नेपाली जनताले पनि अनुभूति गर्नु पाउनु पर्ने बताउनुभयो। वीपीको मेलमिलाम नीतिलाई ठूला पार्टीले त्यति महत्व नदिएको भनाई उहाँको छ । आफूमाथि मृत्युदण्डका आठ-आठवटा मुद्दा चलिरहँदा पनि स्वदेश फर्कने निर्णय गरेर जननेता बीपी कोइरालाले साहसको उच्च उदाहरण प्रस्तुत गरेका थिए । आफ्नो ज्यानको समेत पर्वाह नगरी २०३३ पुस १६ गते राष्ट्रिय एकता तथा मेलमिलापको नीति लिएर बीपी स्वदेश फर्केपछि करिब आठ वर्ष लामो निर्वासित जीवन त्याग्दै बीपीसँगै गणेशमान सिंह, शैलजा आचार्य, खुमबहादुर खड्का, रामबाबु प्रसाईं, नीलाम्बर पन्थी लगायत नेता-कार्यकर्ता स्वदेश फर्किएको दिनलाई कांग्रेसजनले 'राष्ट्रिय एकता तथा मेलमिलाप दिवस'का रूपमा मनाउँदै आएको छ । नेपाली काँग्रेस गण्डकी प्रदेशका उपसभापति कल्पना तिवारीले समापन गरेको उक्त कार्यक्रमको संचालन प्रवक्ता माधवप्रसाद बास्तोलाले गरेको जानकारी नेपाली काँग्रेस गण्डकी प्रदेश सदस्य एवं प्रचारप्रसार उपसंयोजक शिरोमणि बराललले दिनुभयो।

## बिवाईडी अन्तर्राष्ट्रिय बेलुन महोत्सवमा दर्शकको भिड

**पोखरापत्र संवाददाता**
पोखरा, १६ पुस

पोखरामा जारी बिवाईडी अन्तर्राष्ट्रिय बेलुन महोत्सवमा दर्शकको अत्याधिक भिडभाड भएको छ । पोखरामा पहिलो पटक आयोजना गरिएको उक्त महोत्सवमा सोमबार देखि महोत्सवमा दर्शकको अत्याधिक भिड भएको महोत्सव आयोजक बेलुन नेपालले जनाएको छ।

उक्त महोत्सवमा जानको लागि पोखरा लेकसाइडको डिहिकोपाटन देखि ७ वटा निःशुल्क सटक बसको व्यबस्था गरिएको छ । महोत्सवलाई सफल पार्न उक्त बस सेवाको ब्यबस्था मिलाएको बेलुन नेपाल प्रा.लि.का अध्यक्ष बिक्रम वाडेले बताउनु भयो। महोत्सवमा जाने दर्शको अत्याधिक भिड भएकोले हरेक सटक बसमा यात्रुको अत्याधिक भिडभाड भएको छ। महोत्सवको अवसमा हालसम्म ५ हजार पर्यटकले हर्ट एयर बेलुन उडान गरेको अध्यक्ष वाडेले दाबी गर्नुभयो । पोखरा पर्यटन परिषद र बेलुन नेपाल प्रा.लि. को संयुक्त आयोजनामा पोखराको फेवाफाँट तथा लौरुक क्षेत्रमा जारी उक्त महोत्सवमा एक लाख भन्दा बढी दर्शक सहभागि भएको उनले दाबी गरे । बि.वाई.डी. को मुख्यः प्रायोजनमा भएको



महोत्वसलाई सफल पार्न पोखरा महानगरपालिका, नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश, उद्योग तथा पर्यटन मन्त्रालय गण्डकी प्रदेश सरकार प्रबर्द्धकमा रहेका छन। उक्त क्षेत्रमा दैनिक उपभोग्य बस्तु देखि फलफुल तरकारी र चटपटेका पसलहरु समेत अस्थाईको लागि खुलेको बेलुन नेपालकी सपना कार्कीले बताउनु भयो । फेवाफाँटमा भएको वेलुन उडानको न्यूनतम ८ देखि १० मिनेट वेलुनमा उडान गरेको प्रति व्यक्ति २ हजार रुपैया शुल्क लिने गरेको बेलुन नेपालले जनाएको छ।

उक्त महोत्सवको वेलुन उडान मुख्य आकर्षणको रुपमा रहेको छ । बिहान लौरुकबाट करिब ३० देखि ४० मिनेट उडान गरेको ११ हजार शुल्क लाग्ने भए पनि दिउँसो देखि साँझ सम्म फेवाफाँटमा उक्त सस्तो प्याकेजमा धेरै पर्यटकहरुलाई वेलुनमा उडेको मनोरन्जन दिन उक्त प्याकेज ल्याएको जनाउनु भयो । बेलुन उडान गर्नेहरुको सोमबार र मंगलबार अत्याधिक भिड भएको उहाँले जनाउनु भयो। पोखरामा पहिलो पटक आयोजना भएको बेलुन महोत्सवको बारेमा अमेरीका, अष्टेलिया, ब्राजिल, फ्रान्स, वेलायत लगायका देशहरुमा नेपालको बारेमा यस्तो समाचार पहिलो पृष्ठमा छापिनु नेपालको र बेलुन खेलको विश्वमा व्यापक चर्चा परिचर्चा भएको अध्यक्ष पावेले बताउनु भयो।

पोखराको आकाशमा १५ देशका एकै पटकमा १७ वटा हर्ट एयर बेलुन यही पुष ९ गते देखि उड्न सुरु भएको छ। यही पुष १७ गतेसम्म संचालन हुने महोत्सवमा हालसम्म करिब ५ हजार जनाले वेलुनमा उडेको प्रा.लि.ले जनाएको छ । फेवाफाँटमा भने विभिन्न खानाका स्टल सहितको सहुलियत मुल्यमा

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## कवि शिरोमणि लेखनाथ जन्मजयन्तीमा विविध सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, १६ पुस


कवि शिरोमणि लेखनाथ पौड्यालको जन्मजयन्तीका अवसरमा सोमबार विभिन्न व्यक्तित्वलाई सम्मान गरिएको छ।

कवि शिरोमणि लेखनाथ पौड्यालको १४१औँ जन्मजयन्तीका अवसरमा कवि शिरोमणि लेखनाथ पौड्याल जन्मस्थल विकास समिति, लेखनाथ साहित्य प्रतिष्ठानको आयोजनामा कवि शिरोमणिको जन्मस्थल अर्घौं अर्चलेमा आयोजित एक कार्यक्रमबीच साहित्य अन्वेषक, स्रष्टा, विद्यार्थी लगायतलाई सम्मान गरिएको हो। कार्यक्रममा लेखनाथ साहित्य पुरस्कारबाट वरिष्ठ साहित्य अन्वेषक प्रा डा दयाराम श्रेष्ठ(सम्भव) लाई सम्मान गरिएको छ । उहाँलाई रु ५० हजार नगद, दोसल्ला र सम्मानपत्रबाट पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य, नेपाल नाट्य तथा सङ्गीत प्रज्ञा-प्रतिष्ठानका पूर्वकुलपति सरुभक्तले संयुक्त



रुपमा सम्मान गर्नुभएको हो । कुन्तिदेवी साहित्य पुरस्कारबाट साहित्यकार सरस्वती प्रतिक्षालाई सम्मान गरिएको छ । उहाँलाई रु २५ हजार नगद, दोसल्ला र सम्मानपत्रबाट सम्मान गरिएको हो।

कार्यक्रममा चन्द्रकान्त ढकालको स्मृतिमा स्थापित एवं लेखनाथ साहित्य प्रतिष्ठानद्वारा सञ्चालित लेखनाथ सांस्कृतिक पुरस्कारबाट शिवहरि ढुङ्गानालाई पुरस्कृत गरिएको छ । उहाँलाई रु २५ हजार नगदसहित दोसल्ला र सम्मापत्र प्रदानगरी पुरस्कृत गरिएको हो । मधुमाया शिक्षा पुरस्कारबाट जनज्योति माविमा यस वर्षको एसइईमा प्रथम हुने करुणा गौतमलाई रु १० हजार नगदसहित सम्मान गरिएको छ। त्यस्तै लेखनाथ पत्रकार मञ्चद्वारा स्थापित लेखनाथ पत्रकारिता पुरस्कारबाट ऋषिकान्त पौडेल र शेरविष्णुमाया गुरुङ लेखनाथ पत्रकारिता पुरस्कारबाट दीपक परियारलाई सम्मानित गरिएको छ । उहाँहरूलाई क्रमशः रु ११ हजार एक सय ११ र रु पाँच हजारसहित, दोसल्ला र सम्मानपत्रबाट सम्मान गरिएको हो । कार्यक्रममा पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले कवि शिरोमणिको जन्मस्थललाई साहित्यिक पर्यटनको गन्तव्यका रूपमा विकास गर्न लागिएको बताउनुभयो । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका पूर्वकुलपति साहित्यकार सरुभक्तले नेपाली साहित्यको विकासमा लेखनाथ पौड्यालले गर्नुभएको योगदान अतुलनीय भएको बताउनुभयो । सम्मानित व्यक्तित्व प्रा डा श्रेष्ठले कवि शिरोमणिको जन्मस्थल साहित्यिक तीर्थस्थल भएको बताउँदै यसलाई साहित्यानुरागीको गन्तव्यका रूपमा विकास गर्नुपर्नेमा जोड दिनुभयो । कवि शिरोमणि जन्मस्थल विकास समितिका कार्यवाहक अध्यक्ष गोपिराज पौडेलको अध्यक्षता एवं लेखनाथ साहित्य प्रतिष्ठानका सचिव कृष्णप्रसाद पौडेलले सञ्चालन गर्नुभएको कार्यक्रममा पौडेल वंश महासङ्घका केन्द्रीय अध्यक्ष हरिराम पौडेल, गण्डकी प्रज्ञा-प्रतिष्ठानका कुलपति सूर्यबहादुर खड्का बिखर्ची, लेखनाथ साहित्य प्रतिष्ठानका अध्यक्ष पद्मराज ढकाललगायत सम्मानित व्यक्तित्वले नेपाली साहित्यको विकासका लागि लेखनाथ पौड्याल गर्नुभएको योगदानबारे प्रकाश पार्नुभएको थियो।

# पोखराका गुरुङ समुदायले हर्षोल्लासका साथ मनाए तमु ल्होसार

पोखरापत्र संवाददाता
पोखरा, १६ पुस

पोखराका गुरुङ समुदायले सोमबार गुरुङको नयाँ वर्ष तथा महान पर्व ल्होसार गिद्ध वर्गको बिदाइ र सर्प वर्गको स्वागतसँगै दिनभर हर्षोल्लासका साथ मनाएका छन् ।

गुरुङ समुदायले पोखरास्थित तमु धिं नेपाल, तमु प्हे ल्हु सङ्घ र बौद्ध अर्घौ सदनमा भेला भएर शुभकामना आदानप्रदान, बुद्ध दर्शन, पूजाआजा, दीप प्रज्ज्वलन गर्दै यो वर्षको ल्होसार मनाएका हुन् ।

पोखरामा प्रधान कार्यालय रहेको गुरुङहरूको सामाजिक संस्थाले तमु धिं नेपालले ल्होसार शुभकामना ऱ्याली आयोजना गरेको थियो । ऱ्याली चिप्लेढुङ्गा, महेन्द्रपुल, नयाँबजार हुँदै तमु धिं नेपालमा पुगी ल्होसार विशेष कार्यक्रम परिणत भएको थियो । जहाँ विभिन्न झाँकी र परम्परागत नृत्य प्रस्तुत गरिएको थियो । तमु धिंको उक्त कार्यक्रममा अन्य जातीय सङ्घसंस्थाले पनि एक्यबद्धता जनाएका थिए । जसमा नेवाः खल कास्की, हेल्मो समाज, तामाङका प्रतिनिधिहरु आ-आफ्नो पोसाकमा उपस्थित भएर जातीय सद्भाव झल्काएका थिए । ऱ्याली तमु धिं नेपालको प्राङ्गणमा पुगेर ल्होसार शुभकामना एवं सम्मान कार्यक्रममा परिणत भएको थियो । कार्यक्रमको गण्डकी प्रदेशका प्रदेश प्रमुख डिल्लीराज भट्टले उद्घाटन गर्नुभएको थियो । कार्यक्रममा उहाँले नेपाली समाजको विविधता र सांस्कृतिक परम्परा विश्व समुदायका लागि पनि महत्वपूर्ण पुँजी रहेको बताउनुभयो । प्रदेश प्रमुख भट्टले परम्परागत पर्वको मौलिकता जोगाइराख्नु मुख्य चुनौती रहेको पनि उल्लेख गर्नुभयो । "यी महत्वपूर्ण पर्वहरूलाई जोगाउने अबको मुख्य जिम्मेवारी युवाहरूको काँधमा छ । ट्होटेका ऱ्यालीहरूमा भाङ्ग्रा र कछाड, घलेक गुन्यूचोली लगाउने किशोरकिशोरी युवायुवतीहरु पातालिँदै गएका छन्", उहाँले भन्नुभयो, "अबको पुस्तालाई आफ्नो संस्कृति र धर्म पुस्तान्तरण गर्नु हाम्रो मुख्य जिम्मेवारी हो । भाषा, संस्कृति, वेशभूषा र संस्कार आ-आफ्ना जातीय चिन्हारी र मौलिक सभ्यताका आधार स्तम्भ हुन् । यस्ता विविधताको संरक्षण र विकास गर्नु हामी सबैको दायित्व हो ।"

पोखरामा प्रधान कार्यालय रहेको धार्मिक संस्था तमु प्हे ल्हु सङ्घमा पनि शुभकामना आदानप्रदानसहित, नृत्य प्रदर्शन, छेलो, रस्साकस्सी प्रतियोगिता गरिएको थियो । सङ्घमा आइतबार राति १२ बजे सर्प वर्गको स्वागत गर्न 'बोन फायर' गरिएको थियो।

ल्होसारको दिन बिहानै ४ बजेदेखि घ्याब्रीहरूले थासो फाल्ने, प्हेच्युहरूले छ्यपो पूजा गर्ने र बोन लमहरूबाट छ्येगुत्येगु (ग्रह काट्ने काम) गरिएको अध्यक्ष ओमबहादुर थिम्जे तमुले जानकारी दिनुभयो। प्हेच्यु, घ्याब्री र बोन लमहरूबाट रिपा लगाउने कार्यसँगै शुभकामना आदानप्रदान, सम्मान, खुला नृत्य प्रतियोगिता आयोजना गरिएको उहाँले बताउनुभयो ।

बौद्ध अर्घौ सदन, रामघाटले पनि ल्होसारको दिन विभिन्न कार्यक्रम भएको थियो । बिहानैदेखि ग्रहशान्ति दशाको पूजा गरिने ग्रहशान्ति गर्ने, दर्शन गर्ने, दीप प्रज्ज्वलन, रिपा लगाउने र खाना दानको कार्यक्रम गरिएको बौद्ध अर्घौ सदन, रामघाटका अध्यक्ष रुद्रबहादुर घलेले जानकारी दिनुभयो । समग्रमा यो वर्षको सर्प ल्होसार हर्षोल्लासका साथ सकिएको तमु धिं नेपालका कार्यवाहक अध्यक्ष सुबेदार मेजर श्रीप्रसाद गुरुङले बताउनुभयो । आगामी वर्ष पनि अझ प्रभावकारी रुपमा ल्होसार मनाइने उहाँले जानकारी दिनुभयो।

# माछापुच्छ्रे गाउँपालिकामा माओवादी केन्द्रले बुझायो ज्ञापनपत्र

पोखरापत्र संवाददाता
पोखरा, १६ पुस



नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) माछापुच्छ्रे गाउँपालिका समितिले माछापुच्छ्रे गाउँपालिकामा भएका विभिन्न चासोका विषयहरूमा आज गाउँपालिकालाई ध्यानाकर्षण गराउन र आवश्यक कारवाहीका लागि ज्ञापनपत्र बुझाएको छ।

माओवादी केन्द्र माछापुच्छ्रे गाउँपालिका समितिका अध्यक्ष गोपाल पोखरेल र सचिव रामचन्द्र पौडेल नेतृत्वको टोलीले गाउँपालिका अध्यक्ष मीनबहादुर गुरुङलाई कार्यकक्षमा भेट गरी सो ज्ञापनपत्र बुझाएको हो। माओवादी केन्द्रले पालिकाको आधारभूत पूर्वाधारहरु सडक, पुल, विद्युत, शिक्षा, स्वास्थ्यको क्षेत्रमा सुधार गर्न माग गरेको छ ।

यसैगरी बाँदर नियन्त्रणको लागि विशेष कार्यक्रम ल्याउन माग गरिएको छ । साथै बन्यजन्तुबाट हुने क्षतिको क्षतिपूर्ति प्रदान गर्न माग गरिएको अध्यक्ष पोखरेलले बताउनुभयो । माओवादीले हेम्जा खानेपानी लुम्रे सैतिघट्ट सडक व्यवस्थित गरी सुरक्षित बनाउनुपर्ने, माछापुछ्रे गाउँपालिकाको गौरवको योजना भनिएको वडा नम्बर २ को कोल्चोकदेखि धम्पुस जाने रिङरोडको बाटोलाई पहिलो प्राथमिकतामा राखी अगाडि र दलित समुदायहरूबाट सञ्चालित किप्रिचे कृषक आमा समूह वडा नं ८ ल्वांगको सामुदायिक भवन निर्माणको लागि आर्थिक सहयोग गर्न माग गरेको छ। यसैगरी दुलेगौंडा मरेघाट सडकको स्तर उन्नति, लाहाचोक भेडाबारी पुल निर्माणलाई प्राथमिकता, वडा नम्बर ८ र ५ गण्डकी हाइड्रो जाने पुल निर्माण, वडा नम्बर ४ को जलकुण्डीबाट मर्दीखोला करिडोर निर्माण गरि वडा नम्बर ९ सम्म बनाउनुपर्ने, लाहाचोक पुरनचौर गण्डकी पुल निर्माण गर्नुपर्ने, बस्ती भित्रका सिंणी तथा गोरेटो बाटोलाई संरक्षण एवं पुनर्निर्माण गर्नुपर्ने गर्न पालिकासँगमाग गरिएको छ ।

यसैगरी माओवादी केन्द्रले शिक्षातर्फ विद्यालयको संख्या घटाएर विषयगत दरबन्दी व्यवस्थापन गर्न, इसीडी शिक्षक र कार्यालय सहयोगीलाई स्थायी गर्नुपर्ने, एक गाउँ एक प्राविधिक शिक्षालयको सही व्यवस्थापन गरी सञ्चालन, शिक्षकलाई कर्मचारी सरह व्यवस्थापन गरी मासिक तलबभत्ताको व्यवस्थापन गर्न आग्रह गरेको छ। ज्ञापनपत्रमा माछापुछ्रेमा पटकपटकमा चर्चामा आइरहने र सधैंभरि चुनावी नारा बनाइने गरिएको १५ शैयाको हस्पिटलको व्यवस्थापन गरी आवश्यक स्वास्थ्यकर्मीको व्यवस्था, प्रत्येक वडामा रहेका स्वास्थ्य चौकीमा आवश्यकता अनुसार औषधि र दरबन्दीअनुसारको स्वास्थ्यकर्मीको व्यवस्थापन, स्वास्थ्य बीमा कृषि बीमा र पशुबिमालाई व्यवस्थित गर्नुपर्ने माग गरिएको छ । भूमि बैंक निर्माण गरी बाँझो जमिनको सदुपयोग गर्ने नीति ल्याउन, एक गाउ एक उत्पादन पकेट ब्लकको व्यवस्थापन, पर्यटन व्यवसायीलाई वैधानिकता प्रदान गरी करको दायरामा ल्याउन, माछापुछ्रे गाउँपालिकामा रहेका पर्यटकीय क्षेत्र मर्दी हिमाल खुमैडाँडा जस्ता रमणीय क्षेत्रको उचित व्यवस्थापन गरी पदमार्गहरू निर्माण गर्नुपर्ने र पालिकाको स्वामित्वमा ल्याउन र मिर्सा रूम्जा खुमैडाँडा पदमार्गलाई व्यवस्थित गर्न आवश्यक बजेट विनियोजन गर्न पालिकाको ध्यानाकर्षण गरिएको पालिका समितिका सचिव रामचन्द्र पौडेलले बताउनुभयो । यसैगरी एक वडा एक खेल मैदान निर्माण, एक्फा खेलमैदानको लागि आवश्यक पहल गर्न, घरेलु उधोगहरु स्थापना गरी बैदेशिक रोजगारी बाट फिर्ता आएकाहरुलाई रोजगारमूलक कार्यक्रममा सहभागी गराउन, सही गरिबको पहिचान गरी कार्ड वितरण, दलित समुदाय एवं अल्पसंख्यक समुदायलाई राजनीतिको मूलधारमा ल्याउने सशक्तिकरण कार्यक्रमको माग गरिएको छ । माओवादी केन्द्रले माछापुछ्रे गाउँपालिकामा रहेका जलविद्युत आयोजना, क्रसर खानी लगायतबाट राजस्व पालिकाको खातामा ल्याउन, सार्वजनिक जग्गाको पहिचान एवं संरक्षण,काष्ठफल परियोजनामा माछापुछ्रे गाउँपालिकालाई सहभागी गराउन, एक्यापको मूल समिति एवं गाउँ समितिहरूको पुनर्गठन गर्न पालिकासँग माग गरेको छ। यसैगरी गाउँपालिकामा दिगो प्रभाव रहने निर्णयहरू लिने क्रममा सर्वदलीय सहमति गर्न, अनुगमन लगायतका कार्यक्रममा प्रतिपक्ष दलको प्रतिनिधि अनिवार्य राख्नुपर्ने, जनयुद्ध तथा जनआन्दोलनका सहित तथा घाइतेहरू र वेपत्ताहरूलाई सम्बोधन गर्न विशेष कार्यक्रम निर्माण गर्नुपर्ने, स्मृति पार्क लगायतका पार्कहरू निर्माण गर्नुपर्ने र सहिद परिवार एवं बेपत्ता परिवारहरूको जीविकोपार्जनको लागि विशेष कार्यक्रम सिर्जना गर्न गाउँपालिकासँग माग गरिएको अध्यक्ष पोखरेलले बताउनुभयो ।

# रस्साकसी प्रतियोगितामा गौरीघाट र टेवान विजेता

पोखरापत्र संवाददाता
पोखरा, १६ पुस



रस्साकसी प्रतियोगितामा गौरीघाटको समुह यसपाली पनि प्रथम भएको छ।

रेवान पाखराले पोखरा सडक महोत्सवको अवसरमा आयोजना गरेको प्रतियोगितामा गौरीघाट बीको समुह प्रथम भएको हो । गौरीघाट क्षेत्रको सडकमा मंगलबार भएको फाइनल खेलमा थ्रि सिक्स्टिनको समुहलाई पराजित गर्दै उपाधि सहित खसि उपहार प्राप्त गर्‍यो । प्रतियोगितामा डुंगा व्यवसायीको टोलीले शसस्त्र प्रहरीको टोलीलाई पराजित गर्दै तेश्रो भएको हो । उपविजेताले वोका र तेश्रो हुनेले दुई वटा भाले उपहार प्राप्त गरेको पूर्व अध्यक्ष सुर्यबहादुर भुजेलले बताउनु भयो । प्रतियोगितामा विदेशी सहित विभागिय र पोखराका विभिन्न टोलका महिला तथा पुरुषहरु सहभागी भएको महोत्सवसंयोजक विकास भट्टराईले बताउनुभयो ।

त्यसै गरी महिला तर्फको प्रतिस्पर्धामा महिला पर्यटन व्यवसायीहरुको संस्था ओटेभ प्रथम भएको छ ।

# बयालीसौं आइजिपी रनिङ शिल्डको उपाधि गण्डकी प्रदेश प्रहरीलाई

रासस
काठमाडौं, १६ पुस

बयालीसौं आइजिपी रनिङ शिल्ड फुटबल प्रतियोगिताको उपाधि गण्डकी प्रदेश प्रहरी कार्यालयले जितेको छ । राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जमा भएको फाइनल खेलमा गण्डकी प्रदेश प्रहरी कार्यालय पोखराले राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जलाई २-१ गोलअन्तरले पराजित गरेको हो ।

गण्डकी प्रदेश प्रहरी कार्यालय पोखराले रु तीन लाख तथा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जले रु एक लाख ५० हजार पुरस्कार प्राप्त गऱ्यो । यसैगरी प्रतियोगिताका सर्वोत्कृष्ट खेलाडी र 'फेयर प्ले टोली'ले रु १५ हजार तथा सर्वाधिक गोलकर्ता, उत्कृष्ट गोलकिपर, उत्कृष्ट डिफेण्डर, उत्कृष्ट मिडफिल्डर, उत्कृष्ट फरवार्ड र उत्कृष्ट प्रशिक्षकले जनही रु १० हजार पुरस्कार प्राप्त गरे । प्रहरी महानिरीक्षक बसन्तबहादुर कुँवरले उपाधि विजेता तथा उपविजेतालाई पदक, प्रमाण-पत्र, रनिङ शिल्ड र नगद पुरस्कार प्रदान गर्नुभयो ।

प्रतियोगितामा गण्डकी प्रदेश प्रहरी कार्यालयका विवेक गुरुङ सर्वोत्कृष्ट खेलाडी, केशर बराम सर्वाधिक गोलकर्ता तथा उत्कृष्ट फरवार्ड, जीवन सिंह ठकुरी उत्कृष्ट गोलकिपर, सन्तोष सुवेदी उत्कृष्ट प्रशिक्षक, राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानका मनोज बस्नेत उत्कृष्ट मिडफिल्डर तथा धनबहादुर आले उत्कृष्ट डिफेण्डर र फेयर प्ले टोली कोशी प्रदेश प्रहरी कार्यालय घोषित भए । यही पुस ७ गतेदेखि सुरू भएको उक्त प्रतियोगितामा नेपाल प्रहरी प्रधान कार्यालय नक्साल, राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्ज, काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीको साथै सातवटै प्रदेश प्रहरी कार्यालय सहभागी थिए । सो अवसरमा प्रहरी महानिरीक्षक कुँवरले यस्ता प्रतियोगिताले खेलकुदको विकासको साथै प्रतिभावान खेलाडीको पहिचान गर्न मद्दत पुग्ने बताउनुभयो ।

# बिवाईडी ...

वेलुन उडान तथा सांस्कृतिक कार्यक्रम प्रदर्शन भएको कार्यक्रम संयोजक सविन मर्हजनले बताउनु भयो । अन्तराष्ट्रिय बेलुन महोत्सवले पोखराको साहसिक खेलकुदको केन्द्र बनाउन सहयोग पुग्ने उहाँले जनाउनु भयो । पोखरामा साहसिक खेलकुदको माध्यमबाट पर्यटन प्रबर्द्धन गर्ने उद्धेश्यले आयोजना भएको महोत्सवमा नेपाल सहित अमेरिका, बेलायत, स्पेन, लिथुआनिया, थाइल्याण्ड, भियतनाम, फ्रान्स, नेदरल्याण्ड, कोरिया, जापान, मलेसिया, इटली, ब्राजिल, अष्ट्रेलियन देशका बेलुन सहित बेलुन पाइलटहरूको सहभागि भएको आयोजकले जनाएको छ।

# पेट्रोल र डिजेलको मूल्य बढ्यो

रासस
काठमाडौं, १६ पुस

नेपाल आयल निगमले पेट्रोल र डिजेलको मूल्य बढाएको छ, भने हवाई इन्धनको मूल्य घटाएको छ । निगम सञ्चालक समितिको मंगलबारको बैठकले मंगलबार मध्यरातदेखि लागू हुने गरी पेट्रोलको साविकको बिक्री मूल्यमा प्रतिलिटर रु एक र डिजेलको मूल्यमा प्रतिलिटर रु दुई बढाएको हो।

निगमले हवाई इन्धन आन्तरिकतर्फ प्रतिलिटर रु दुई र अन्तर्राष्ट्रियतर्फ काठमाडौंका लागि प्रतिकिलोलिटर अमेरिकी डलर १५ का दरले घटाएको छ । पोखरा र भैरहवाका लागि अन्तर्राष्ट्रियतर्फको हवाई इन्धनको मूल्य यथावत् राखिएको छ।

मूल्य समायोजनसँगै पेट्रोल पहिलो वर्गका लागि प्रतिलिटर एक सय ६० रुपैयाँ ५० पैसा, दोस्रो वर्गमा एक सय ६२ रुपैयाँ र तेस्रो वर्गका लागि प्रतिलिटर एक सय ६३ रुपैयाँ कायम भएको छ । यस्तै डिजेल पहिलो वर्गका लागि प्रतिलिटर एक सय ५० रुपैयाँ ५० पैसा, दोस्रो वर्गमा एक सय ५२ रुपैयाँ र तेस्रो वर्गका लागि प्रतिलिटर एक सय ५३ रुपैयाँ कायम भएको छ ।

# पोखरा ओपन टेनिसमा आरव र सुनिरा च्याम्पियन

पोखरापत्र संवाददाता
पोखरा, १६ पुस




पोखरामा आयोजना गरिएको २१औं संस्करणको 'माछापुच्छ्रे बैंक पोखरा ओपन तथा भेट्रान्स' टेनिस प्रतियोगिताको उपाधि आरव सम्राट हाडा र सुनिरा थापाले जितेका छन् ।

कास्की जिल्ला टेनिस सङ्घद्वारा यही पुस ११ गतेदेखि सुरू भएको उक्त प्रतियोगिताको आज सम्पन्न फाइनलमा पुरूष एकलतर्फ आरव सम्राट हाडाले प्रनव मानन्धरलाई ६-१ र ६-१ अङ्कले पराजित गरे ।

यसअघि सोमबार सम्पन्न सेमिफाइनलमा नेपालका शीर्ष बरियताका प्रदिप खड्कालाई २-१ सेटमा पराजित गरी आरवले फाइनलमा प्रनवसँगको भेट पक्का गरेका थिए । प्रनवले भने सेमिफाइनलमा निशान श्रेष्ठलाई ६-१ र ६-१ अङ्कले हराएका थिए । यसैगरी महिलातर्फ सुनिराले सलोनीलाई ६-२ र ६-३ अङ्कले पराजित गरी उपाधि जितिन् । खुलातर्फ च्याम्पियन भएका दुबैले समान रू ८० हजार, ट्रफी र मेडल प्राप्त गरे । उपविजेताले जनही रू ४० हजारका साथमा ट्रफी प्राप्त गरे।

यसैगरी ३५ वर्ष माथिको उमेर समूहमा एकलतर्फ जितेन्द्र परियारले प्रतिद्वन्द्वी सन्तोष खत्रीलाई ६-१ र ६-२ अङ्कले पराजित गर्दै च्याम्पियन भए । उनले रू ६० हजार र उपविजेता सन्तोषले रू ३० हजारका साथमा ट्रफी पाए।

प्रतियोगितामा ४५ वर्ष माथिको एकलतर्फको फाइनलमा कमल भण्डारी बिजेता बने । रोहित सुनुवारलाई ६-० र ६-२ अङ्कले पराजित गर्दै उनले रू ४० हजार तथा उपविजेता रोहितले रु २० हजारसहित ट्रफि प्राप्त गरे।

यस्तै ५५ वर्ष माथिको फाइनल स्पर्धामा चन्द्र शाही विजयी भए । उनले जीवन घिमिरेलाई ६-२ र ६-२ अङ्कले हराए । विजेता चन्द्रले रू ३० हजार तथा उपविजेता जीवनले रू १५ हजार पुरस्कार प्राप्त गरेको प्रतियोगिताका निर्देशक कुमार अधिकारीले जानकारए।

विजेता खेलाडीलाई प्रतियोगिताको मुख्य प्रायोजक माछापुच्छ्रे बैंकका संस्थापक तथा केसी ग्रुपका निर्देशक किरण केसी, नेपाल टेनिस सङ्घका उपाध्यक्ष विनोद कायस्थ, प्रतियोगिताका संयोजक नवीन चालिसे, सङ्घका कोषाध्यक्ष विष्णुबहादुर थापा, सचिव भीष्मराज पौडेललगायतले नगद तथा ट्रफी वितरण गरे । प्रतियोगितामा एक सय ४० खेलाडी सहभागी थिए ।


## जाडो मौसममा सवारी दुर्घटनाको जोखिमबाट बचौं

- हुस्सु, कुहिरो र शीतलहरका बेला सवारी दुर्घटनाको उच्च जोखिम हुन सक्छ,
- सावधानीपूर्वक सवारी साधन चलाऔं,
- सवारी चलाउनु पूर्व सवारीको यान्त्रिक परिक्षण गरौं,
- हुस्सु, कुहिरो र शीतलहरको बेला बत्ति (फग लाइट) बालेर मात्र सवारी साधन चलाऔं,
- बाक्लो कुहिरोको समयमा अवश्यकता अनुसार हर्नको प्रयोग गरौं,
- तिब्र गतिमा सवारी साधन नचलाऔं,
- सवारी साधन रोक्नुपर्दा संकेत दिई सडक किनारामा मात्र रोक्ने गरौं,
- मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं,
- जथाभावी बाटो नकाटौं, बाटो काट्दा शतर्क रहौं,
- सवारी दुर्घटनाबाट आफू पनि बचौं, अरूलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जीवन एउटा कहिल्यै समाप्त नहुने बसन्त हो ।
– वी. पी. कोइराला

**सम्पादकीय**

# पर्यटनले जगाएको आशा

अङ्गेजी नयाँ वर्ष ईस्वी संवत २०२५ शुरु भएको छ। सन २०२५ ले नयाँ आशा र संभावना देखाएको छ। सन २०२४ मा धेरै उतारचढाव भए । राजनीतिक परिवर्तन मात्र होइन जलवायु परिवर्तनबाट हिमालयन र टापु राष्ट्रले ठूलो क्षति व्यहोर्नु पर्यो । धनी र शक्ति राष्ट्रबाट गरिब तथा अल्पविकसित राष्ट्रले आफ्नो सार्वभौमसत्ता, अखण्डता जोगाउन केन्द्रीत हुनुपर्यो । नेपालले बाढी, भूक्षय र डुबानबाट ठूलो मानवीय र भौतिक क्षति ब्यहोर्नु परेको पीडालाई बिर्सिन मिल्दैन । पर्यटनमा भने आशा जगाउन सफल भएको छ । सन् २०२४ मा ११ लाख ४० हजारभन्दा बढी पर्यटकले नेपाल भ्रमण गरेका छन् । मंगलबार बिहानसम्मको तथ्यांकानुसार ११ लाख ४७ हजार २४ जना नेपाल भित्रिएका नेपाल पर्यटन बोर्डले जनाएको छ।

बोर्डका निर्देशक मरिणराज लामिछानेले दैनिक सरदर तीन हजार पर्यटक भ्रमणमा आएका बताए। सन् २०२३ को तुलनामा १४ प्रतिशतभन्दा बढीले पर्यटक आगमन बढेको तथ्यांकाले आउँदो वर्ष राम्रो हुन्छ भन्न सकिन्छ। सन् २०१९ मा ११ लाख ९७ हजार १९१ विदेशी पर्यटक नेपाल आएका थिए । कोरोना महामारीपछि अधिक पर्यटकले नेपाल भ्रमण गरेको यो पहिलो वर्ष हो । सन् २०२० देखि २०२२ सम्म पर्यटक आगमन प्रायः ठप्प थियो। राष्ट्रसंघीय विश्व पर्यटन संगठन (यूएनडब्ल्यूटीओ) को पछिल्लो ६ महिनाको तथ्यांकानुसार कोभिड-१९ पछि नेपालको पर्यटन ९६ प्रतिशतले पुनरुत्थान भएको छ।

नेपाल प्रिमियर लिग (एनपीएल), विश्व बौद्ध सम्मेलन, अन्तर्राष्ट्रिय बेलुन महोत्सव, ड्रागन बोट महोत्सवका साथै राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा आयोजित मेला र प्रदर्शनीले पनि पर्यटन आगमनमा बढोत्तरी भएको छ । आउँदा दिनमा पर्यटक आगमन बढाउन सरकार र नीजि क्षेत्रबाट सहकार्य हुन आवश्यक छ। सरकार र निजी क्षेत्र मिलेर सन् १९९८ मा पहिलो पटक नेपाल पर्यटन वर्षको रूपमा मनाडेको थियो। यसअघि नेपाल सरकारले सन् २०२२ देखि २०३२ लाई पर्यटन दशकको रूपमा मनाउने घोषणा गरेको भए पनि त्यो कार्यविधि अभावका कारण त् पूरा हुन सकेन्। सरकारले अब सन् २०२५ देखि ०३५ लाई पर्यटक दशकको रूपमा मनाउने भएको छ।

नेपालमा पर्यटन विकासको लागि पर्यटनमैत्री नीति आवश्यक रहेको छ। नयाँ पर्यटन नीति तयार गरेपछि सहज हुने पर्यटन सम्बद्ध संगठन र ब्यबहारको विश्वास छ । पर्यटन बोर्डलाई सार्वजनिक नीजि साझेदारी (पीपीपी) को अवधारणालाई आत्मसात गर्दै अन्तर्राष्ट्रिय प्रवर्द्धनका कार्यक्रमलाई प्रभावकारी ढङ्गले अगाडि बढाउन, डिजिटल मार्केटिङलाई जोड दिनुपर्छ।

"नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधता युक्त देश हो । यही विविधता बिचको एकता, सहिष्णुता र सद्भावलाई संरक्षण गरी पर्यटन क्षेत्रको विकास र विस्तार गर्नु आजको आवश्यकता हो। नेपालको आफ्नै मौलिक पर्यटन प्रडक्ट छ । यसलाई अन्तर्राष्टिय बजारमा व्यापक प्रवर्द्धन गर्न आवश्यक छ । पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान नियमित हुन जरी छ।

# 'गजल बहरसँगै स्वतन्त्र लयमा पनि लेख्न सकिन्छ'

**पोखरापत्र संवाददाता**
गण्डकी, १६ पुस

पोखरेली गजलकारहरूले बहर वा स्वतन्त्र लयविधान जुनसुकै शैलीमा लेखिए पनि त्यो गजल नै हुने ठहर गरेका छन्। पोखरामा आयोजित गजलप्रेमीहरूको भेलाले नेपाली गजलमा देखिँदै आएको विवाद अनावश्यक रहेको निष्कर्ष निकालेको हो ।

भेलाले जारी गरेको सातबुँदे घोषणापत्रमा गैरबहरमा लेखिएका गजललाई गजल भन्न नहुने भन्दै केही समयदेखि केही गजलकाहरूले सञ्चालन गरेको अभियानले नवप्रवेशी गजलकारलाई दिग्भ्रमित पार्ने उल्लेखछ। भेलामा अवधारणापत्र प्रस्तुत गर्दै नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका पूर्वकुलपति सरुभक्तले गजलमा आएको विवादले राम्रा गजलकामासमेत गजलप्रति वितृष्णा जगाएको बताउनुभयो। विशेषगरी बहरवादीहरूले स्वतन्त्र गजलप्रति गर्ने गालीगलौज र आक्षेपले नेपाली गजलको विकास नभइ विनाश गरिरहेको धारणा उहाँको थियो।

गजलमै विशेषज्ञता हासिल गरेका विद्वानहरूलेसमेत निषेधात्मक सोच राख्नु नेपाली साहित्यकै दुःखद अवस्था भएको भन्दै सरुभक्तले नयाँ सिद्धान्तको प्रतिपादक हुने लोभमा स्थापित विधाप्रति घृणा गर्नु आपत्तिजनक भएको बताउनुभयो।

कवि तीर्थ श्रेष्ठले साहित्यकारलाई कुनै वाद वा सुत्रको नियममा बाँध्ने प्रयास गर्न नहुने धारणा राख्नुभयो । वर्तमानमा नेपाली गजलका क्षेत्रमा स्वतन्त्र लयविधानकै गजललाई पाठक/स्रोताले आत्मसात् गरेको बताउँदै उहाँले शास्त्रीय बहरमा लेखिएका रचनालाई मात्रै 'गजल' भन्ने सोच राख्न नहुने उहाँको भनाइ थियो । बहरमा रुचि हुनेले बहरमा लेख्दा पनि हुने र स्वतन्त्र लेखनमा रुचि हुनेले स्वतन्त्र लयविधानमा गजल लेख्न सकिने श्रेष्ठको धारणा थियो। भेलाका अध्यक्ष गजलकार लक्ष्मण थापा पोखरामा पनि बहरमा लेख्ने गजलकारहरू प्रशस्त भए पनि यहाँ कसैले कसैलाई आक्षेप नलगाएको धारणा राख्दै देशभरि नै आ-आफ्ना रुचिअनुसारका गजल लेख्न आह्वान गर्ने उद्देश्यले भेला आयोजना गरिएको जानकारी दिनुभयो । उहाँले आवश्यक परे आगामी दिनमा पनि नेपाली गजलका बारेमा थप बहस गर्न यस्ता कार्यक्रमा आयोजना गर्न सकिने बताउनुभयो।

गजलकार डा ईश्वरमणि अधिकारीले गतिशील संसारमा साहित्य पनि गतिशील हुने र समयअनुकूल विधागत वैशिष्ट्य पनि परिवर्तन हुनसक्ने बताउनुभयो। गजलकार दीपक समीपले आफूले पनि बहर र स्वतन्त्र लयविधान दुवैमा गजल लेख्ने गरेको अनुभव सुनाउनुभयो। आ-आफ्ना रुचि र क्षमताअनुसारका गजल लेख्ने सबैलाई उत्तिकै सम्मान गर्नुपर्ने धारणा राख्नुभयो।

# तोयनाथ स्मृति प्रतिष्ठानलाई आठ रोपनी जग्गा

**पोखरापत्र संवाददाता**
लमजुङ, १६ पुस

लमजुङको सुन्दरबजार नगरपालिका-४ दुराडाँडा, अर्चल्यानीस्थित हलोक्रान्ति नेपाल तथा तोयनाथ स्मृति प्रतिष्ठानलाई आठ रोपनी जग्गा प्राप्त भएको छ । प्रतिष्ठानले आवश्यक जग्गा अभावमा हलोक्रान्ति तथा तोयनाथ स्मृतिपार्क र आवश्यक संरचना निर्माण गर्न सकेको थिएन।

उद्यान निर्माण गरेर २००६ सालमा पण्डित तोयनाथ अधिकारीले हलो जोतेर क्रान्ति गरेको स्मृतिमा पण्डित तोयनाथले हलो जोत्दै गरेको हलगोरूसहितको पूण कदको शालिक निर्माण गरेर हलोक्रान्तिस्थललाई पर्यटकीयस्थल बनाउनुपर्ने प्रतिष्ठानले जनाएको छ।

उक्त जग्गा सुन्दरबजार नगरपालिका-४ दुराडाँडा, अर्चल्यानीका मुक्तिनाथ पौडेलले उपलब्ध गराउनुभएको हो। प्रतिष्ठानले जग्गा अभावमा आफूहरूले काम गर्न नसकेको बताउँदै आएपछि पं तोयनाथका माहिला छोरा सोमाकान्त शर्माले जग्गा उपलब्ध गराएको प्रतिष्ठानका अध्यक्ष डा लक्ष्मीकान्त पौडेलले बताउनुभयो।

ऐतिहासिकस्थल लमजुङको बाटेगह्रासँगै जोडिएको उक्त जग्गा मुक्तिनाथ पौडेलबाट सोझै प्रतिष्ठानको नाममा पास गरिदिएको अध्यक्ष पौडेलले बताउनुभयो। बाटेगह्रासँग जोडिएको उक्त जग्गा प्रतिष्ठानको नामका रजिष्ट्रेशन पास गरिदिएपछि प्रतिष्ठानले दातालाई धन्यवाद ज्ञापन गरेको छ। देशमा प्रजातन्त्रको उदय हुनुअघि २००६ साउन ११ गते लमजुङको सुन्दरबजार नगरपालिका-४ अर्चल्यानीको बाटेगरामा बाहुनहरूले सामूहिक रूपमा हलो जोतेका थिए।

ब्राह्मणवाद तथा जातीय भेद्भावसँगै हलीप्रथा अन्त्यका लागि पण्डित तोयानाथ अधिकारीको अगुवाइमा लेफ्टिनेन्ट शेषकान्त अधिकारी, मुखिया हरिभक्त पौडेल, श्रीकान्त अधिकारीलगायत २७ बाहुनले नेपालमै पहिलो पटक हलो जोतेर हलोजोत क्रान्तिको सुरूआत गरेका थिए । ऐतिहासिक हलोक्रान्तिलाईऐतिहासिकस्थलको रूपमा विकास गर्न, हलोक्रान्तिस्थलमा योद्धाहरूको अभिलेख राख्न दुराडाँडामा हलोक्रान्ति नेपाल तथा तोयनाथ स्मृति प्रतिष्ठान स्थापना गरिएको छ।

प्रतिष्ठानले बाटेगह्रामा हलोक्रान्तिका योद्धाको नाम रहेको स्मारक निर्माण गरेको छ। हलोक्रान्ति स्मृति भवनसमेत निर्माण गरिएको छ । त्यस्तै प्रतिष्ठानले पं तोयनाथले हलो जोत्दै गरेको हलगोरूसहितको शालिक निर्माण गर्न फाउण्डेशनसमेत निर्माण गरिसकेको छ। छिट्टै शालिक निर्माण गर्न लागिएको प्रतिष्ठानले जनाएको छ।

# राम्चेली गडाभाइ तमु समाज पोखराले मनायो ल्होसार

**पोखरापत्र संवाददाता**
पोखरा, १६ पुस



स्याङजाको वालिङ नगरपालिका वडानम्बर ३ राम्चेबाट पोखरा आई बसोबास गर्दै आएका गुरुङहरुको साझा संस्था श्री स्याङ्जा राम्चेली गडाभाई तमु समाज पोखराको अध्यक्षमा औ बहादुर गुरुङ चयन हुनुभएको छ।

समाजको पोखरा भमरकोट पार्टी प्यालेसमा सम्पन्न १८ औं साधारणसभा तथा छेठौं अधिवेशनले औ बहादुरको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरेको हो । नवनिर्वाचित कार्यसमितिको प्रथम उपाध्यक्ष दुर माया गुरुङ, द्वितीय उपाध्यक्षमा बल बहादुर गुरुङ, सचिवमा रुपसीं गुरुङ, सह सचीव सुवेदार भिम बहादुर गुरुङ र निर्मला गुरुङ चयन रहनुभएको छ । त्यसैगरी कोषाध्यक्षमा क्याप्टेन चम बहादुर गुरुङ, सहकोषाध्यक्षमा हरि प्रसाद गुरुङ र सदस्यहरुमा चीन माया गुरुङ, जमान गुरुङ, ठग बहादुर गुरुङ, महिला संयोजक नरमाया गुरुङ र युवा संयोजक दर्शन गुरुङ चयन हुनुभएको छ। अधिवेशनको निर्णायक मण्डलमा समाजका संस्थापक अध्यक्ष ओम बहादुर गुरुङ संयोजक र निवर्तमान अध्यक्ष भुपेन गुरुङ र संस्थापक सचिव आशिष गुरुङ सदस्य रहनुभएको थियो । कार्यक्रममा कोषाध्यक्ष क्याप्टेन चम बहादुर गुरुङले आर्थिक प्रतिवेदन र सचिव दिल माया गुरुङले प्रगती प्रतिवेदन पेश गर्नुभएको थियो । यसैबिच समाजले तमुहरुको महान पर्व सप्ह्रीं ल्होसार २०८१ समेत भव्यताका साथ मनाएको छ। सप्ह्री ल्होसारको अवसरमा समाजले शुभकामना आदान प्रदान एवम चेलीबेटी भेटघाट स्योकैं कार्यक्रम गरि ल्होसार मनाएको हो । समाजका अध्यक्ष भुपेन गुरुङको अध्यक्षतामा सम्पन्न कार्यक्रमका प्रमुख अतिथि समाजका संस्थापक अध्यक्ष ओम बहादुर गुरुङले ९ जनाबाट स्थापना भएको संस्था अहिले बृहत रुपमा अगाडी बढिरहेकोमा खुसी व्यक्त गर्दै अगामी दिनमा राम्चेली एक भएर अघि बढ्नुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा प्रथम उपाध्यक्ष औ बहादुर गुरुङले स्वागत तथा पच्यु चिवा मोहन गुरुङले आशिमलाँ दिनुभएको थियो । सो अवसरमा नेपाल पत्रकार महासंघ कास्कीका सचिव भुपाल गुरुङ, अध्ययनरत उत्कृष्ट विद्यार्थीहरु, र इन्डियन आर्मीबाट रिट्यार्ड आर्मीहरुलाई सम्मान गरिएको थियो।

# हवाई यात्रुको सङ्ख्या बढ्यो

**रासस**
काठमाडौं, १६ पुस

मुलुकका तीन अन्तर्राष्ट्रिय विमानस्थलमा आन्तरिक तथा अन्तर्राष्ट्रिय हवाई यात्रुको सङ्ख्यामा वृद्धि भएको छ।

नेपाल नागरिक उड्डयन प्राधिकरणको तथ्याङ्कअनुसार सन् २०२४ मा अघिल्लो वर्षको तुलनामा आन्तरिकतर्फ १३ प्रतिशत र अन्तर्राष्ट्रिय हवाई यात्रुको सङ्ख्या सात दशमलव नौ प्रतिशतले वृद्धि भएको हो । प्राधिकरणको २६ औं वार्षिकोत्सवको अवसरमा वार्षिक प्रगति विवरण प्रस्तुत गर्दै प्राधिकरणका महानिर्देशक ई प्रदीप अधिकारीले दिएको जानकारीअनुसार तीन अन्तर्राष्ट्रिय विमानस्थल भएर आन्तरिक उडानतर्फ सन् २०२४ को नोभेम्बरसम्म कूल ८७ लाख ६० हजार तीनसय दुईलाई हवाई यात्रुले यात्रा गरेका छन् । सन् २०२३ को नोभेम्बरसम्म कूल ७७ लाख हवाई यात्रुले यात्रा गरेका थिए। त्यसैगरी सन् २०२४ मा अन्तर्राष्ट्रिय हवाई यात्रुको सङ्ख्या सात दशमलव नौ प्रतिशतले वृद्धि भएको छ।

नोभेम्बरसम्म अन्तर्राष्ट्रिय हवाई यात्रुको सङ्ख्या कूल ४४ लाख ४९ हजार एकसय ३३ पुगेको हो। नेपालमा हाल त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा छन् । कूल ५५ वटा विमानस्थलमध्ये ३५ वटा विमानस्थल आन्तरिक हवाई सेवा सञ्जालमा जोडिएका छन् । नेपालमा उडान गर्ने अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीको सङ्ख्या सन् २०२३ मा २९ रहेकामा हाल २०२४ मा भिस्तारा एयरलाइन्स एयर इण्डियामा मर्ज भएपश्चात् यो सङ्ख्या २८ भएको छ। नेपालबाट १६ देशका २९ वटा अन्तर्राष्ट्रिय गन्तव्यमा नियमित उडान भइरहेको छ। आन्तरिकतर्फ भने सञ्चालन अनुमति प्राप्त जम्मा २१ वटा वायुसेवामध्ये हाल क्रियाशील वायुसेवा कम्पनीहरूको सङ्ख्या १९ रहेको छ । महानिर्देशक अधिकारीले पूर्वाधार निर्माण र हवाई सुरक्षामा विशेष ध्यान दिएको बताउनुभयो । उहाँका अनुसार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलकोस्वीकृतगुरूयोजनाबमोजिम विमानस्थलको सीमित क्षेत्रफललाई अधिकतम उपयोग गरी विमानस्थलको क्षमता अभिवृद्धि गर्ने कार्यलाई प्राथमिकता दिई क्षमता विस्तारका लागि विमानस्थलको उत्तरतर्फ करिब १८ वटासम्म अन्तर्राष्ट्रिय वायुयान बिसान गर्न सकिने वायुयान बिसान क्षेत्र र ट्याक्सी वेको निर्माण कार्य जारी रहेको छ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

# हार्दिक समवेदना



जन्मः वि.स. २०२१/03/03

स्वर्गारोहणः वि.स. २०८१/०९/१५

**स्वः मञ्जु ढेवाजू**

यस बालगोपाल भजनकृतन सेवा समितिका सक्रिय सदस्य जिवनकुमार ढेवाजूको धर्मपत्नी, यूवा परिचालन समितिका सक्रिय सदस्य क्रमशः अच्यूत ढेवाजू र अमन ढेवाजूको ममतामयी माता **मञ्जु ढेवाजूको** ६० वर्षको उमेरमा भएको असामयिक निधनले यस समिति अत्यान्तै मर्माहत र स्तव्ध भएका छौं । यस दुःखद घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति प्राप्त होस भनि हार्दिक समवेदना व्यक्त गर्दछौं।

**अध्यक्ष**
**तथा**
**बाल गोपाल भजन कृतन सेवा समिति परिवार**
**गौडाकोमूख, भद्रकालीचोक, पोखरा-१३**


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : स्वास्थ्यमा सुधार |
| वृष | : मानसिक तनाब | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : शत्रुको भय | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : झमेला बड्ने | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : शुभ यात्रा | मीन | : आर्थिक समस्या |


**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# आँधीखोलामा तटबन्ध निर्माण गर्दै भीरकोट नगरपालिका

**पोखरापत्र संवाददाता**
वालिङ, १६ पुस

यहाँका भीरकोट नगरपालिकाले आँधीखोलामा तटबन्ध निर्माणलाई प्राथमिकताकामा राखी काम सुरु गरेको छ।

आँधीखोलाले बर्सेनि खेतीयोग्य उर्वर भूमि कटान गरेकाले रोकथाम तथा खोला नियन्त्रणका लागि नगरपालिकाले गौरवको योजनाका रूपमा तटबन्ध निर्माणलाई तीव्रता दिएको नगर प्रमुख गोविन्दकुमार कर्माचार्यले बताउनुभयो। उहाँले भन्नुभयो, "चालु आर्थिक वर्षमा पालिकाका तर्फबाट तीन करोड ७६ विनियोजन गरी तटबन्ध निर्माण भइरहेको छ।"

यस वर्ष खोलाको दुईतर्फ एक हजार ७७ मिटर लम्बाइको तटबन्ध निर्माण हुने जनाइएको छ। नगरपालिका तथा गण्डकी प्रदेशले छुट्टाछुट्टै स्थानमा खोला नियन्त्रणका लागि काम गरिरहेकाले आगामी वर्षदेखि तटबन्धले फाइदा पुग्ने उहाँको भनाइ छ। "खोलाको दुवै किनारामा तटबन्ध निर्माणपश्चात् करिडोर निर्माण गरी सवारी साधन सञ्चालन गर्ने योजना छ", उहाँले भन्नुभयो, "खोलाको दुवै किनारामा तीन किलोमिटर तटबन्ध निर्माण हुन्छ, आगामी दुई वर्षसम्म बाँकी काम सम्पन्न हुन्छ।"

भीरकोट नपाले गत आव २०८०/८१ मा एक करोड ४८ लाख विनियोजन गरेको थियो। विनियोजित बजेटमध्ये ८८ लाखमा चार सय ३० मिटर निर्माण गर्नेगरी ठेक्का सम्झौता भएको नगरपालिकाका इन्जिनियर सरोज पराजुलीले बताउनुभयो। आव २०७९/८० मा पालिकामार्फत दुई सय ६० मिटर तटबन्ध निर्माण भएको थियो।

# पशुपंक्षी शिविरबाट पुतलीबजारका किसान लाभान्वित

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १६ पुस



पुतलीबजार नगरपालिकाले एक दिने निशुल्क पशुपंक्षी शिविर सम्पन्न गरेको छ। नगरपालिकाको आर्थिक बर्ष २०८१/०८२ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार एकदिने पशुपंक्षी शिविर सम्पन्न गरेको हो। नगरपालिकाको पञ्चबिर्षय योजना अन्तर्गत हरेक आर्थिक बर्षमा ३ वटा वडामा सम्पन्न गर्नेगरी पशुपंक्षी शिविर आयोजना गर्दै आएको छ।

यो आर्थिक बर्षमा नगरपालिकाले वडा नं. ५, ९ र १४ मा गरी ३ ओटा वडामा पशुपंक्षी शिविर सम्पन्न गरेको पशु शाखा प्रमुख डा.अनिल चौधरीले जानकारी दिए। नगरपालिकाको पशु शाखाका प्रमुख चौधरीका अनुसार वडा नम्वर ५ को पौवेगौडे, ९ को काल्खु बिसौना र १४ को आमडाँडामा शिविर गरिएको बताए। शिविरमा पशुहरुको गोवर परिक्षण, थुनेलो परिक्षण, रेविज विरुद्धको खोप लगायतका सेवाहरु प्रदान गरिएको चौधरीले बताए।

अधिकांश पशुहरुमा नाम्ले किरा र माटे रोग फेला परेको आयोजकले जनाएको छ। रोगी पशुपंक्षीका लागि निशुल्क औषधी समेत वितरण गरिएको थियो। शिविरमा १७६ गोबर परिक्षण, १८ ओटा रेविज विरुद्धको खोप, १४ ओटा भाले पशुको बन्ध्याकरण, ४ ओटा थुनेलो परिक्षण गरिएको छ। २ सय १३ किसानका ३१४ भैसी, १७४२ बाख्रा, ४२ गाई/गोरु, १३६३ कुखुरा, ३१ बंगुर, १३ कुकुर र ८ बिरालो गरी ३ हजार ५ सय १३ पशुपंक्षीको शिविरमा उपचार गरिएको र उनीहरुलाई आवश्यकता अनुसारको औषधी वितरण गरिएको चौधरीले बताए।

सरकारले २०३० सम्म नेपाललाई रेविज रोग मुक्त घोषणा कार्यक्रमको लक्ष्य राखे अनुसार सो कार्यक्रमलाई समेत सफल बनाउने गरी पुतलीबजार नगरपालिकाले यो कार्यक्रम अगाडी बढाएको पुतलीबजार नगर प्रमुख तुलसीराम रेग्मीले बताए। रेविज निर्मुल पार्न गाउँमा जानुपर्ने उनले भने,'गाउँ जादा पशुपंक्षीको पनि उपचार हुने त्यैले दुवै कार्यक्रमलाई समेटेर अगाडी बढेका छौं।' जसले गर्दा किसानका पशुपंक्षीमा लाग्ने रोगको पनि निदान हुने र रेविज रोग विरुद्धको खोप पनि संचालन गर्दा राष्ट्रिय अभियानमा टेवा पुग्ने उनले भने। हरेक बर्ष सबै वडामा निशुल्क पशुपंक्षी शिविर आयोजना गर्न बजेटको अभाव भएकाले हरेक आर्थिक बर्षमा ३/३ वटा समेट्नेगरी कार्यक्रम गरेको नगर प्रमख रेग्मीको भनाई छ।

# बालबालिकालाई दुनाटपरी बनाउन सिकाउँदै ज्येष्ठ नागरिक

**पोखरापत्र संवाददाता**
वालिङ, १६ पुस



यहाँका ज्येष्ठ नागरिकले आफूमा भएको सीप तथा अनुभव अन्तरपुस्तामा हस्तान्तरण गरेका छन्। फेदीखोला गाउँपालिका-१ का ज्येष्ठ नागरिकले अमोर सेवा बालगृहमा रहेका बालबालिकालाई ज्ञान हस्तान्तरण गरेका हुन्।

सामाजिक विकास कार्यालयको सहयोगमा अन्तर पुस्ता सीप तथा अनुभव हस्तान्तरण गरिएको कार्यालयका प्रमुख जीवन पौडेलले जानकारी दिनुभयो। ज्येष्ठ नागरिकले बालगृहमा रहेका ३८ बालबालिकालाई हाम्रो मौलिक परम्परागत सीप र ज्ञान हस्तान्तरण गर्ने उद्देश्यले दुनाटपरी, बाती कात्ने, बाँसबाट बुनिने डोका तथा डस्टविन बनाउने सीप हस्तान्तरण गर्नुभएको उहाँले बताउनुभयो।

"प्रायःजसो पढाइलेखाई र अन्य शैक्षिक गतिविधिमा रहने बालगृहका बालबालिका पुस १४ र १५ गते दुई दिन फरक दृश्यमा देखिए", उहाँले भन्नुभयो, "ज्येष्ठ नागरिक आफूले जानेका सीप तथा अनुभव नयाँ पुस्तालाई सिकाउँदै हुनुहुन्थ्यो भने नयाँ पुस्ता अझै उत्साहित भई सीप सिक्न दत्तचित्त भएर लागेको देखिन्थ्यो।" बालगृहमा अध्ययनरत ३८ बालबालिका दुई दिनसम्म कोही दुनाटपरी बुन्न, कोही ज्योति बाल्न प्रयोग हुने बाती बनाउन त कोही डोको, नाम्लो बुन्दै थिए। ज्येष्ठ नागरिकमा विभिन्न क्षेत्रको अनुभव र सीप रहेकाले त्यसलाई पुस्तान्तरण गर्न सामाजिक विकास कार्यालयले पुलको काम गरेको उहाँले बताउनुभयो।

बालबालिकालाई सैद्धान्तिक ज्ञानसँगै व्यावहारिक र प्रयोगात्मक ज्ञानले भोलिका दिनमा परम्पराको संरक्षणसँगै सीप पुस्तान्तरणमा पनि टेवा पुग्ने अमोर सेवा बालगृहकी सञ्चालिका कमला पराजुलीले बताउनुभयो।

विभिन्न क्षेत्रमा सीप भएका स्थानीय ज्येष्ठ नागरिकले बालबालिकालाई आफूमा भएको सीप सिकाउनुभएको थियो। "बालगृहमा रहेका बालबालिका हरेक क्षेत्रमा सक्षम रहेको र छोटो समयमै विभिन्न सीप सिक्न सफल भएका छन्", उहाँले भन्नुभयो, "बालबालिकाले सिकेका सीपलाई निरन्तरता दिँदै भोलिका दिनमा सीपको उपलब्धिका कारण रोजगारी सृजना हुनेछ।"

# बसाइँसराइलाई रोक्दै सुन्तलाखेती

**रासस**
म्याग्दी, १६ पुस



बेनी नगरपालिका-३ मरेकका पदमबहादुर खत्री २१ वर्षअघि भारतीय गोर्खा सैनिकबाट सेवा निवृत्त भएर घर फर्कँदा सुरक्षा, शिक्षा, स्वास्थ्य, रोजगारी र सुविधाको खोजीमा गाउँ छाडेर सहर पस्ने लहर थियो।

सदरमुकाम बेनीमा घर बनाइसकेका उहाँलाई तत्कालीन समयमा गाउँको खेतबारीमा धान, कोदो, मकै लगाउन छाडेर सुन्तलाका बिरुवा रोप्दा छिमेकी र आफन्तले दुःख नगर्न सुझाव दिन्थे। " तत्कालीन कृषि विकास कार्यालयबाट एक हजार पाँच सय सुन्तलाका बिरुवा बोकेर गाउँमा पुग्दा धेरैले लगाउन मान्नुभएन", उहाँले भन्नुभयो, "केही छिमेकीले हामी धान, मकै, कोदो खाने मान्छे हो, कहाँ सुन्तला खाने हो र ? भन्दै प्रश्न पनि गर्नुभयो।" करिब पाँच सय बोट सुन्तलाका बिरुवा लगाएर खत्रीले आफन्त र छिमेकीलाई एक हजार बिरुवा बाँड्नुभएको थियो। गत वर्ष रु १३ लाखको सुन्तला बेचेका खत्रीले बगैँचामा फलेका तीन सय बोटमध्ये आधा सुन्तला बेच्दा रु १० लाख आम्दानी गरिसक्नुभयो। "बगैँचामा अझै आधा सुन्तला बाँकी छ", उहाँले भन्नुभयो, "यसपालि उत्पादन बढेकाले रु १७ देखि २० लाखसम्मको सुन्तला बिक्री हुने अनुमान गरेको छु।" उत्तर पूर्व फर्किएको भिरालो पाखामा रहेको मरेकका बासिन्दा दुई दशक अघिसम्म परम्परागत खाद्यबाली खेती गर्दथे। वर्षभरि दुःख गरेर उब्जाएको खाद्यबालीले छ महिना पनि पुग्दैनथ्यो। रोजगारी नहुनेहरू काम र आम्दानीका लागि विदेश र सहरबजार जाने चलन थियो। सुन्तलाखेती हुन थालेपछि मरेकबाट बसाइँसराइ रोकिएको र विदेशिने क्रम घटेको स्थानीय अगुवा किसान इन्द्रबहादुर थापाले बताउनुभयो। वर्षमा रु ६० हजार बराबरको १८ मुरी धान फलाउने थापाले १४ रोपनीमा गरेको सुन्तलाखेतीबाट वार्षिक रु १० लाखसम्म आम्दानी हुने बताउनुभयो। तीन वर्ष कतारमा काम गरेर फर्किएका मरेकका ४९ वर्षीय कृष्णबहादुर घर्तीले यसपालि सुन्तला बेचेर रु छ लाख आम्दानी भएको बताउनुभयो। "सुन्तलाखेती गरेपछि घरव्यवहार चलाउन विदेश जानुपरेको छैन", उहाँले भन्नुभयो, "जीवनस्तरमा परिवर्तन ल्याएको छ।" मरेक र बालम गाउँमा २१ घरपरिवारको बसोबास छ। बीस घरले सुन्तलाखेती गरेका छन्। प्रतिघर रु एकदेखि २० लाखसम्म सुन्तलाबाट आम्दानी गर्छन्। बेनी नगरपालिकाको विकट र दुर्गम बस्ती भए पनि मरेकका घर खाली र जग्गा बाँझो नरहेको राष्ट्रिय प्रजातन्त्र पार्टीका जिल्ला अध्यक्षसमेत रहेका मरेकका बासिन्दा वीरबहादुर थापाले बताउनुभयो। "बेनीबजारमा घर र व्यवसाय भए पनि सुन्तलाखेतीले गर्दा मैले पनि गाउँ छाड्न सकेको छैन", उहाँले भन्नुभयो, "सुन्तलाखेतीले रोजगारी, आम्दानीको अवसर सृजना गरेकाले मरेकबाट बसाइँसराइ रोकिएको छ।" बेनीमा फलफूल तथा तरकारी व्यवसाय गर्ने मरेकका काजी थापाले विदेशबाट फर्केपछि गाउँको खेतबारीमा सुन्तलाखेती गरेको बताउनुभयो। गत वर्ष रु ८० लाखको सुन्तला बिक्री भएको मरेकमा यसपालि उत्पादन दोब्बरले बढेकाले रु एक करोड ५० लाख भित्रिने अनुमान गरिएको हालै त्यहाँको बगैँचा निरीक्षण गरेका कृषि ज्ञान केन्द्रका प्रमुख सञ्जीव बास्तोलाले बताउनुभयो। कृषि ज्ञान केन्द्र, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना र बेनी नगरपालिकाको कृषि शाखाले मरेकमा सुन्तलाखेतीको विस्तारमा सहयोग गर्दै आएका छन्।

अनुदानमा नयाँ बिरुवा वितरण, बगैँचा व्यवस्थापन, साना सिँचाइ कार्यक्रममार्फत किसानलाई सहयोग गरिँदै आएको कृषि ज्ञान केन्द्रका प्रमुख बास्तोलाले बताउनुभयो। उहाँका अनुसार अनुकूल मौसम, उत्पादन दिने नयाँ बिरुवा थपिएको, दाना झर्ने समस्या कम भएको र फल धेरै लागेकाले जिल्लाभर गत वर्षको तुलनामा एकतिहाइले सुन्तला उत्पादन वृद्धि भएको अनुमान गरिएको छ।

मरेकका छिमेकी छेपारेका बासिन्दाले पनि व्यावसायिक सुन्तलाखेती गर्न थालेका छन्। कच्ची सडकको सुविधा भएको मरेकमा उत्पादन भएको सुन्तलालाई बजारको समस्या छैन। व्यापारीले बगैँचाबाट प्रतिकिलो रु ७५ मा सुन्तला खरिद गरेका छन्। अन्य ठाउँको तुलनामा रसिलो र स्वादिलो भएकाले मरेकका सुन्तला बजारमा सहजै बिक्री हुने व्यापारी राजन तामाङले बताउनुभयो। पोखरा, काठमाडौँ, हेटौँडाको बजारमा यहाँको सुन्तला लैजाने गरिएको उहाँले बताउनुभयो। मरेकको भिरालो पाखा सुन्तला बगैँचाले भरिएको छ। बगैँचा पहेँलपुर सुन्तलाले रङ्गिएर मनमोहक बनेको छ। बेनी नगरपालिका-३ का वडाध्यक्ष पदम पुनले साविक भकिम्ली गाविसको मरेक, राखु, हल्लेगौडा र पानीस्वाँरालाई सुन्तलाको पकेट क्षेत्रका रूपमा विकास गरिएको बताउनुभयो। सुन्तला बजारीकरणका लागि सडक स्तरोन्नति गरेर यातायातलाई सहज बनाउने, सिँचाइ र प्रविधि सहयोगका लागि सङ्घीय तथा प्रदेश सरकारका निकायमा समन्वय तथा पहल गरेको बताउनुभयो। आयआर्जनका लागि गाउँ छाड्नुपर्ने समस्या घटाउन सुन्तलाखेती प्रभावकारी भएको वडाध्यक्ष पुनले बताउनुभयो।

## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८१/०९/१७) (पोखरापत्र राष्ट्रिय दैनिक)**

यस कर्मशिल बचत तथा ऋण सहकारी संस्थामा तपसिलमा उल्लेखित ऋणीले यस संस्थाबाट उपभोग गर्नु भएको कर्जा रकम संस्थासँग गर्नुभएको कर्जा सम्झौता बमोजिम बुझाउनको लागि संस्थाबाट पटक पटक मौखिक/लिखित तर-ताकेता गर्दा तथा विभिन्न मितिमा कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणीले ऋण तिर्नेतर्फ पूर्ण वेवास्ता गरी चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुँदा यो लिलाम विक्रिको सूचना प्रकाशित गरिएको छ। लिलाम हुने दिनसम्म उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउन सकिने व्यहोरा सम्बन्धित ऋणी सदस्यलाई यसै सूचना मार्फत जानाकारी गराईन्छ। उक्त म्यादभित्र समेत सो कर्जा भुक्तान नभएमा ऋणी लगायत सम्बद्ध सबैलाई प्रचलित ऐन कानुन बमोजिम हुने व्यहोरा जानाकारी गराउँदै कर्जा सुरक्षणको रुपमा संस्थालाई धितोबन्धक लेखिदिएको तपशिलमा उल्लेख भए बमोजिमका सम्पत्तिहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा प्रचलित ऐन, कानुनले दिएको अधिकार प्रयोग गरी तल उल्लेखित मिति, समय र स्थानमा निर्धारित समयावधि भित्र पेश हुन आएका बोल कबोल मूल्यहरु डाँक बढावढको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले सो सम्पत्ती खरिद गरिलिन ईच्छुक महानुभावहरुको लागि यो सूचना प्रकाशित गरिएको छ। उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। कुनै कारणवश तपशिलमा उल्लेखित सम्पत्ती लिलाम बिक्री नभएमा सो सम्पत्ती अन्य व्यवस्था गरी बेचविखन गर्न सक्ने वा प्रचलित कानुन बमोजिम संस्थाले सकार गरी लिनसक्ने र उक्त सम्पत्तीबाट संस्थाको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानुन बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

| क्र.सं. | कर्जा शिर्षक | ऋणीको व्याक्तिगत विवरण | जमानी बस्नेको विवरण | धितो सुरक्षणमा रहेको सम्पत्तीको विवरण |
|---|---|---|---|---|
| १. | व्यक्तिगत कर्जा | नाम : सिल कुमारी गुरुङ<br>बुबा/पतिको नाम : जित बहादुर गुरुङ<br>बाजे/ससुराको नाम : पत्लीमान गुरुङ<br>स्थायी ठेगाना : करापु-०३, लमजुङ<br>हालको ठेगाना : पोखरा-२७, कास्की<br>नागरिकता प्र.प. नं.: २१७६<br>जारी मिति र जिल्ला :२०४५/०१/१७ लमजुङ | नाम : मोहन गुरुङ<br>बुबा/पतिको नाम : पेच बहादुर गुरुङ<br>बाजे/ससुराको नामः मोतिलाल गुरुङ<br>ठेगाना : पोखरा-२७, कास्की | साविक कास्की जिल्ला अर्घौ-०८, हाल पोखरा २६, कास्की कित्ता नं.३५४५ क्षेत्रफल ०-४-१-१ (१३७।१० व.मि.) को जग्गा। |

**लिलाम डाँक बढाबढ हुने मिति, समय र स्थान :**
मिति : २०८१ माघ २३ गते, बुधवार
समय : दिनको ३:०० बजे।
स्थान : संस्थाको कार्यालाय, पोखरा-०८, सभागृहचोक।

**धितो लेखिदिने तथा व्याक्तिगत जमानी दिनेलाई सूचना :**
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तान गरी, गराई आफ्नो सम्पत्तीको उचित संरक्षण गर्नुहुन समेत यसै सूचना मार्फत जानाकारी गराईन्छ। उल्लेखित दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाको दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ती लिलाम बिक्री गरी वा संस्था आफैले सकार गर्दा समेत साविकमा संस्थाबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा संस्था आँफैले सकार गर्दा समेत साविकमा संस्थाबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा पछि मेरो, हाम्रो सम्पत्तीको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा संस्था आँफैले सकार गरिलियो भनी कहिँ कतै उजुर बाजुर गर्न पाउनु हुनेछैन। साथै धितो लिलाम बिक्री सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछन्।

**विस्तृत जानकारीको लागि**
**कर्मशिल बचत तथा ऋण सहकारी संस्था लि.**
**पोखरा ८, सभागृहचोक**
**फोन नं.: ०६१-५८०७९६, ५४४७९५**